# प्रकृति र भेडासँग किरात राई समुदायको सम्बन्ध

**नारायणभक्त राई**[1]
<narayanraee1@gmail.com>
DOI : https://doi.org/10.3126/kp.v5i5.95201

## लेखसार

*मानिसका जीवनशैली, रहन-सहन आफू बसोबास गरेको भूगोल र त्यस क्षेत्रको वातावरणको आधारमा निर्माण हुने गर्दछ । अधिकांश राई समुदाय पहाडी क्षेत्रमा बसोबास गर्ने गर्दछन् । त्यसैले उनीहरूको जीवनशैली पहाडको प्रकृति अनुकूल हुने गर्दछ । सोही प्रकृतिमा बाँच्न सक्ने भेडासँग पनि उनीहरूको ऐतिहासिक सम्बन्ध रहेको पाइन्छ । किरात राई समुदायले प्रकृतिलाई देउता मान्ने गर्दछन् भने भेडालाई केवल पशुको रूपमा मात्र नलिएर जीवनयापनको प्रमुख आधारको रूपमा लिने गर्दछन् । किरात राई समुदाय प्रकृति पुजक भएकाले प्रकृतिको विपरीत नभई प्रकृति अनुकूल भएर कसरी जीवनयापनका दर्शन निर्माण गर्दछन् र भेडालाई सांस्कृतिक, परम्परागत ज्ञान, सिप र आर्थिक प्रणालीसँग कसरी जोडेका हुन्छन् भन्नेबारे अध्ययन गर्नु यस लेखको उद्देश्य रहेको छ । यस लेखले आदिवासी ज्ञान प्रणाली (Indigenous Knowledge System) को संरक्षण र यसको सामाजिक-आर्थिक महत्वलाई उजागर गरेको छ । यो अध्ययन पहाडी जीवन, सांस्कृतिक मानवशास्त्र तथा उधौली-उभौली अध्ययनका लागि महत्वपूर्ण हुने छ । किरात राई समुदायको प्रकृति र भेडासँग जीवनयापनका सम्बन्ध र शैलीहरू अत्यन्त अन्योन्याश्रित रहेको हुन्छ भन्ने कुरा यस अध्ययनको प्राप्ति रहेको छ ।*

**शब्दकुञ्जी :** स्याङ्गी, ऊन, लेक, बेसी, खर्क ।

## विषयपरिचय

प्रकृति, मानव जाति र अन्य प्राणीबिचको सम्बन्ध प्राचीन समयदेखि कायम रहेको पाइन्छ । संसारमा प्रकृति अनुकूल हुन सक्ने प्राणीहरू मात्र यस संसारमा जीवित रहेका छन् । प्रकृति अनुकूल हुन नसक्ने सबै प्राणी लोप भएर गए । यसर्थ पनि प्रत्येक प्राणी प्रकृति अनुकूल हुन जरूरी छ । प्रकृति अनुकूल हुनका लागि चेतना अनिवार्य छ । त्यो चेतना भएको प्राणीमध्ये मानव एक हो (काफ्ले र सापकोटा, २०८१) । नेपालका विभिन्न किरात समुदायमध्ये राई प्रख्यात किराती हुन् (राई, २०८०) । ती मानवहरूमध्ये किरात राई समुदाय पनि एक हो । किरात राई समुदाय नेपालको प्राचीन जाति हुन् । किरात राई समुदायमा कुलुङ, थुलुङ, जेरूङ/जेरो, आठपहरिया, कोयी/कोयु, खालिङ, छिन्ताङ, छिलिङ/छलङ, तिलुङ, दुङ्माली, दुमी, देवास, नाछिरिङ, पुमा, फाङ्दुवाली, बान्तावा, बायुङ/बाहिङ, बेलहारे, मुगा/मुगाली, मेवाहाङ/नेवाहाङ, याम्फू/याम्फे, लुङ्खिम/लिङ्खिम,

---

१ राई त्रिभुवन विश्वविद्यालय इतिहास केन्द्रीय विभागबाट एमफिल अध्ययन गर्दै हुनुहुन्छ ।

लोहोरूङ, वाम्बुले, साम्पाङ/साङ्पाङ पर्दछन् (सिङ्जाली, २०८१) । किरात राई समुदाय नेपालको आदिवासी जनजातिभित्र पर्दछन् । किरात राई जातिहरु नेपालका प्राचीन आदिवासीहरु हुन् (राई, २०८०, पृ.६३) । किरात राई समुदायको दर्शनले नै मानिसहरूलाई प्रकृति अनुकूल हुन शिक्षा दिन्छ । दर्शन (मुन्दुम) ले प्रकृतिको नियम, समाज विकासको नियम र मानवजातिले आर्जन गरेको सम्पूर्ण ज्ञानको निचोडको जानकारी दिन्छ (राई, २०८०) । ज्ञानको विकास भएपछि मानिसले प्रकृतिमा पाइने विभिन्न जनावरहरूलाई पाल्न थाले । ती जनावरहरूमध्ये भेडा किरात राई समुदायले पाल्ने मुख्य घर पालुवा जनावर हो । भेडा विभिन्न प्रजातिका हुन्छन् । वातावरणीय हिसाबले पनि भेडाहरु फरक हुने गर्दछन् । विश्वलाई नियाल्ने हो भने भेडा अत्याधिक गर्मी हुने स्थान मरूभूमिदेखि अत्याधिक जाडो हुने स्थान लेकसम्मै पाइन्छन् । कतार जस्तो मरूभूमिमा पनि भेडा पाइन्छ (बीबीसी न्यूज, २०६९) । नेपालको सन्दर्भमा कुरा गर्ने हो भने स्थान विशेषको आधारमा विभाजन गर्ने गरेको पाइन्छ । कतिले कानको आधारमा, कतिले हावापानीको आधारमा, कतिले रौँको आधारमा गरी विभिन्न रूपमा विभाजन गर्ने गरेको पाइन्छ । नेपालमा भ्याङलुङ्, बरूवाल, कागे, लामपुच्छ्रे भेडा पाइन्छ (नेपाल सरकार, २०७९) । हावापानी र भूगोलको आधारमा हिमाल तथा पहाडी क्षेत्रमा भेडाहरु पाइन्छन् । तराईमा लामपुच्छ्रे भेडा पाइन्छ (खोर्सानी ब्लग, २०८१) । सङ्खुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु क्षेत्रमा पनि स्थानीय चलनचल्तीअनुसार भेडालाई विभिन्न प्रकारमा विभाजन गरेको पाइन्छ । हिमाल तथा पहाडी क्षेत्रमा लेकाली र अहुले भेडाहरु पाइन्छ (राजमान कुलुङ, अन्तर्वार्ता, माघ ४, २०८२) । हिमालको नजिक पहाडको माथिल्लो भागमा बाँच्न सक्ने भेडालाई लेकाली भेडा भनिन्छ भने केही लेकको भूभाग र ज्यादा अहुलको क्षेत्रमा बस्ने भेडालाई अहुले भेडा भनिन्छ । भेडा एकै जातको हो तर लामो बसाइको कारणले गर्दा छुट्टिने गर्दछ । अहुले भेडालाई लेकमा लगेमा आँखामा फुला पर्ने, रोगाउने र त्यसै मर्ने गर्दछन् । लेक भनेको ज्यादा जाडो हुने स्थान हो भने अहुल भनेको लेकको तुलनामा कम जाडो हुने केही न्यानो हुने स्थान हो । पहाडी क्षेत्रमा भेडालाई कान र रङ्गको आधारमा पनि छुट्टाउने गरेको पाइन्छ । लामो कान हुने लाम्काने र छोटो कान हुने छोट्काने भन्ने गरिन्छ (लक्ष्मण राई, फोनवार्ता, माघ १६, २०८२) । पूजा गर्दा छोटोकाने चाहिन्छ । लाम्काने पूजामा चल्दैन (पविहाङ राई फोनवार्ता, माघ १७, २०८२) । कसैले त्यसै भेडालाई वनपाले र घरपाले भनेर पनि छुट्याउने गर्दछन् (लाल बहादुर गुरूङ, अन्तर्वार्ता, माघ १, २०८२) । वनपाले भेडा घरतिर राखिँदैन । वन-वनै चराइन्छ, उतै राखिन्छ । घरपाले भेडा वनमा लगिँदैन । घर छेउछाउनै चराइन्छ । रङ्को आधारमा तीन किसिमको भेडा पाइन्छ, सेतो, कालो र रातो (भन्नाले पूरै रातो हैन, रातो र कालो मिस्सिएको हुन्छ) (छत्रमणी कुलुङ राई, अन्तर्वार्ता, पुस २४, २०८२) कुलुङ भाषामा दुकाली भनिन्छ ।

प्राचीन समयदेखि नेपालका पहाडी क्षेत्रमा प्रकृति अनुकूल बनाएर मानिसहरूले भेडा पाल्दै आइरहेका छन् । यस क्षेत्रमा भेडालाई नुन ढुवानी गर्ने यातायातको साधनको रूपमा, ऊन झिक्न, दुध दुहुन, खेत मोल्न, विक्री गर्न, भोक मेटाउन विभिन्न रूपमा प्रयोग गर्ने गर्दछन् । ती सबै कार्यहरु प्रकृति अनुकूल भएर गरिनु पर्दछ ।

## अध्ययनको विधि

प्रस्तुत लेख नेपालको पूर्वी क्षेत्र सङ्खुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु जिल्लामा

शदियौँदेखि बसोबास गर्दै आइरहेका किरात राई समुदायमा कायम रहेको भेडा पालन र त्यसको उपयोगितासँग सम्बन्धित रहेको छ । त्यसमा पनि विशेष गरी भेडाको ऊन र प्रकृतिको नियमअनुसार गोठ सार्ने प्रक्रियालाई अध्ययन गरिएको छ । भाषाको दृष्टिकोणले यहाँ ज्यादा कुलुङ राईको भाषा प्रयोग गरिएको छ । भेडा पालन किरात राई समुदायको एउटा मौलिक पारम्पारिक पेशाको रूपमा रहेको छ । जुन कार्य प्रकृति अनुकुल हुने गर्दछ भन्ने विषयमा यस अध्ययन केन्द्रित रहेको छ । यो अध्ययनमा आगमनात्मक ढाँचाको प्रयोग गरी गुणात्मक विधिमा आधारित भएर विश्लेषण गरिएको छ । अध्ययनका क्रममा प्राथमिक र सहायक स्रोतहरूको प्रयोग गरिएको छ । प्राथमिक स्रोतद्वारा तथ्याङ्क सङ्कलन गर्दा यस विषयमा जानकारी भएका मानिसहरूसँग उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा खुल्ला प्रश्न मार्फत अन्तर्वार्ता लिइएको छ । मुख्य रूपमा भेडी गोठ बस्ने, भेडा पाल्ने र तान बुन्ने सक्षम महिला तथा पुरूषहरूसँग समूह छलफल, स्थलगत अवलोकन गरिएको छ । त्यसैगरी सहायक स्रोतहरूमा व्यक्तिका निजी सङ्कलनमा तथा पुस्तकालयहरूमा रहेका पुस्तक, जर्नल, अनलाइन पत्रिका तथा युटुवहरु मार्फत सङ्कलन गरिएको छ । सङ्कलन गरिएका यी विभिन्न स्रोत सामग्रीहरूलाई विश्वसनीयताका आधारमा मूलतः वर्णनात्मक र अन्वेषणात्मक पद्धति अपनाएर प्रस्तुत लेख तयार गरिएको छ ।

## किरात राई समुदायमा भेडाको संरक्षण र उपयोग

किरात राई समुदायमा भेडाको उपयोग विभिन्न तरिकाबाट गरिएको पाइन्छ । यातायातको अन्य साधन नभएको समयमा लेकाली भेडालाई नुन ढुवानीको साधनको रूपमा पनि प्रयोग गरिएको पाइन्छ । ७९ वर्षका धर्मराज राईका अनुसार भेडाहरूलाई एक धार्नीदेखि ६ धार्नीसम्म नुन बोकाउने चलन थियो । भेडा हेरेर उमेर पुगेको तर केही साना भेडालाई एक, दुई धार्नीसम्म बोकाइन्थ्यो । केही बलियोहरूलाई तीनदेखि चार धार्नी र बलियोहरूलाई पाँचदेखि छ धार्नीसम्म बोकाउने चलन थियो । आधुनिक यातायातको विकास भएपछि भने त्यो कार्य हराएर गएको पाइन्छ । भेडालाई यातायातको साधनको रूपमा मात्र हैन, भेडाको ऊनबाट कपडा, लम्पट, लुकुनी, बुर्कासान, राडी, पाखी, पटुका, फेटा, टोपी, घुमराडी बुनिन्छ । राडी पनि एक पाते, दुई पाते, चार पाते हुन्छन् । भेडाको दुधबाट दही, मही, घिउ, महीबाट छुर्पी, दिसापिसाबबाट मल, छालाबाट लुगा, सुर्ती राख्ने भाँडा, मासुबाट परिकार बनाउने जस्ता विभिन्न रूपमा प्रयोग गर्ने गरिन्छ । त्यति मात्र हैन भेडाको बच्चा बेचेर पैसा पनि कमाउन सकिन्छ । ती कार्य गर्नका लागि भेडाको संरक्षण र पालन आवश्यक छ । जुन कार्य किरात राई समुदायले वर्षौं वर्षदेखि गर्दै आइरहेका छन् । यहाँ इतिहासको एउटा प्रशङ्ग राख्नु उपयुक्त हुन्छ : पहिले–पहिले बुबाले छोरालाई नुन लिन पठाउँदा यही भेडा बेच, त्यसको पैसाले नुन किनेर त्यहि भेडालाई बोकाएर ल्याउनु भन्ने गर्दथे । यो सुन्दा सामान्य सुनिन्छ तर व्यवहारिक रूपमा अप्ठ्यारो कुरा हो । त्यही भेडा बेचेर त्यसै भेडाको पैसाले नुन किनेर त्यसै भेडालाई नुन बोकाएर ल्याउनु भन्ने कुरा असम्भव जस्तो देखिन्छ तर त्यसलाई दार्शनिक दृष्टिकोणबाट नियाल्नु पर्दछ । त्यो भनेको भेडाको ऊन काटेर बेचेर आएको पैसाले नुन किनेर त्यसै भेडालाई बोकाएर ल्याउनु भन्ने अर्थ हुन्छ । भेडालाई नुन बोकाउने चलन किरात राई समुदायमा मात्र हैन सुर्खेत क्षेत्रमा पनि भेडालाई नुन बोकाइन्थ्यो (परियार, माघ २, २०८०) । सुर्खेतको छिन्चुबाट चन्दथानसम्म नुन ल्याईपुऱ्याउन भेडालाई १८–२० दिन लाग्थ्यो ।

## किरात राई समुदाय र भेडा

किरात राई समुदायले भेडालाई विभिन्न रूपमा संरक्षण, प्रयोग र उपयोग गर्दै आइरहेका छन् । उनीहरूले वर्षौ वर्षदेखि भेडाको ऊनबाट मानिसका जीवनमा आवश्यक विभिन्न जीवन उपयोगी सामग्रीहरु निर्माण गर्दै आइरहेका छन् । सङ्खुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु क्षेत्रमा राई जातिहरूको सघन बसोबास रहेको पाइन्छ । यहाँका राई समुदाय र भेडाबिच गहिरो अन्तर्सम्बन्ध रहेको पाइन्छ । आधुनिक लुगा, कपडा, ओड्ने ओछ्याउने, छाताको विकास नभएसम्म यस क्षेत्रका अधिकांश मानिस भेडामा निर्भर थिए । उनीहरूले आफूलाई आवश्यक लुगा, कपडा, ओड्ने ओछ्याउने सबै भेडाबाट नै बनाउने गर्दथे । उनीहरूले लुकुनी जाडोबाट बच्नको लागि शरीरमा लगाउँथे । घुमराडी वर्षाको समयमा पानी-झरीबाट बच्नको लागि प्रयोग गर्दथे । त्यसै गरी राडी ओछ्याउन र ओड्न प्रयोग गर्ने गर्दथे । यसमा रोचक कुरा के छ भने वर्षा हुँदा पानीबाट जोगिन प्रयोग गरिने घुमराडी त्यस बेलाको छाता हो, जुन भिज्दै-भिज्दैन थियो । दिनभरी पानी पर्दा टाउकोदेखि जीउ पूरै ढाक्ने गरी ओड्यो भरै राती सुत्दा पनि त्यही ओडेर सुत्यो (त्यस्तो राम्रोसँग बुनिएको हुन्छ । जति नै पानीले भिजे पनि भित्रसम्म पानी पुग्दै पुग्दैन ।

यस क्षेत्रमा उधौलीमा भेडा तलतिर झारिन्छ । उभौलीमा मास्तिर चढाइन्छ । उधौलीमा तलतिर झार्दा जमिन मोल्ने पनि गरिन्छ । जमिन मोल्ने भनेको आफूले अन्न रोप्ने वा छर्ने स्थानलाई मलिलो बनाउन त्यहाँ भेडा राखिन्छ । भेडाको दिसापिसावले त्यहाँ मल लाग्दछ । आफ्नो जग्गा मलिलो बनाउन पनि भेडा आफ्नो जमिनसम्म झारिन्छ । त्यसलाई भेडी गोठ सार्ने भनिन्छ । भेडी गोठालोको घर नजिक नभए अरु मानिसहरूले गोठ आफ्नो जग्गामा राखिदिन अनुरोध गर्दछन् । त्यसरी आफ्नो खेतबारीमा भेडा राखिदिए बापत भेडी गोठालोलाई खान, बस्नको राम्रो व्यवस्था पनि गरिन्छ । त्यसरी गोठ सार्दा एकै चोटीमाथि लेकमा र एकै चोटी तल अहुलमा झारिँदैन । भेडालाई विस्तारै-विस्तारै चराउँदै माथि लगिन्छ पछि झार्दा पनि विस्तारै-विस्तारै चराउँदै-चराउँदै तलतिर झारिन्छ । गोठ सार्दा बच्चा-बच्ची भएको गोठ सार्न झनै मुस्किल र अप्ठ्यारो हुन्छ ।

किरात राई समुदायले उभौलीमा आफ्नो गोठ लेकसम्म लाने गर्दछन् । आफूले अन्न लगाउने जमिन मोली सकेपछि खुल्ला जमिनहरूमा गोठ सार्दै उभोतिर लगिन्छ । त्यस्ता खुल्ला जमिनहरूलाई खर्क भन्ने गरिन्छ । जुन ठुलाठुला घाँसे मैदानहरु हुन्छन् । ती खर्कहरु हेर्नलाई निकै मनमोहक पनि हुन्छ । खर्क नभएका स्थानहरूमा वन क्षेत्रमा भेडाहरु चराउनु पर्दछ । भेडा चराउँदा एक खर्क वा वनको घाँसमा चरिसकेपछि अर्को खर्क वा वनमा सार्नु पर्दछ । त्यसरी एक खर्कदेखि अर्को खर्क भेडी गोठ सार्दा कति स्थानमा खोलाहरु पनि तर्नु पर्दछ । त्यसरी खोलाबाट भेडा तार्दा खोलामा साँगो (पुल) थाप्नु पर्दछ । साँगो भेडी गोठालोहरु मिलेर बनाउनु पर्दछ । चार जना जतिले एकै दिनमा साँगो थाप्न सकिन्छ (राजमान कुलुङ, अन्तर्वार्ता, माघ ४, २०८२) । फर्कदा फेरि त्यो साँगोलाई भत्काएर ओडारमा राखिराख्नु पर्दछ । फेरि अर्को वर्ष त्यसैलाई पुल बनाउन सकिन्छ । यसरी भेडा चराउँदै गोठ सार्दै एक खर्कदेखि अर्को खर्क गर्दै माथि माथि जाँदा लेक क्षेत्र पुगिन्छ । त्यसरी लेख क्षेत्रसम्म पुगेर भेडा चराउनुलाई उभौली भनिन्छ । लेकमा भदौसम्म भेडाहरु चराइन्छ । उभौलीमा जाडो कम हुन्छ । खर्कहरूमा प्रशस्त घाँस हुन्छन् । यो गर्मी याम हो । गर्मी महिना सकिएपछि जाडो याम सुरू हुन्छ । जाडो याम सुरू भएपछि गोठहरूलाई अहुलतिर झार्नु पर्दछ । भदौ

महिनादेखि गोठ तलतिर झारिन्छ । तलतिर भन्नाले अहुलतिर झार्नु पर्दछ । असोज, कात्तिक, मंसिर, पुस, माघ जाडो याम हो । त्यस समयमा गोठ तल झार्दा फेरि पहिले चराउँदै लगेको स्थानहरूमा भेडी गोठ सार्दै-सार्दै झार्ने गरिन्छ (पविहाङ राई, फोनवार्ता, माघ १७, २०८२) । त्यस बेलासम्म पहिले चराउँदै लगेको स्थानहरूमा घाँस पनि प्रशस्त पलाई सकेको हुन्छ । त्यसरी भेडा चराउँदै-चराउँदै जाडो छल्दै न्यायो स्थानको लागि भेडी गोठ पुनः गाउँसम्म आइपुग्छ । फेरि गोठ केही समय गाउँमा बस्छ । अन्न छर्ने जमिनहरूमा मल बनाउँछन्, ऊन काट्छन् । यसरी भेडा चराउँदै गोठ उधो झर्ने कार्यलाई उधौली भनिन्छ । त्यसरी उधौली र उभौलीमा भेडी गोठ सार्दा वा भेडा चराउने क्रममा भेडालाई बिख पर्न सक्छ । बिखबाट भेडालाई जोगाउनु पर्दछ । हैन भने भेडा बिख खाएर मर्छ । घास पलाउँदा बिख पनि सँगसँगै पलाउँछ । गोठालोहरूलाई त्यसरी बिख पाउने खर्कहरूको ज्ञान हुन जरूरी हुन्छ । यस्ता खर्कहरूमा भेडी गोठ राख्नु हुँदैन । भेडालाई चर्न पनि दिनु हुँदैन । छिटोछिटो खेदाएर खर्क कटाउनु पर्दछ ।

*भेडा र ऊन*

लेक बेसी गराउने क्रममा भेडाको ऊन काटिन्छ । ऊनबाट किरात राई समुदायले आफुलाई आवश्यक विभिन्न सामाग्री बुन्ने गर्दछन् । ऊन काट्दा पनि जथाभाबी काट्न हुँदैन । जहिले मन लाग्यो त्यहीले पनि काट्न हुँदैन । मनलाग्दो गरे सबै भेडा मर्न सक्छ । भेडाको ऊन प्रकृतिको नियमअनुसार काट्नु पर्दछ । त्यसैले उधौली र उभौलीमा काटिन्छ । चैतमा एक मुरन (पटक) काटिन्छ । असोजमा एक मुरन काटिन्छ । भेडाको ऊन कटाई प्रकृतिको विपरीत हुनु हुँदैन । प्रकृति अनुकूल हुनु पर्दछ, जसरी उधौली र उभौलीमा गोठ सारिन्छ । उधौलीमा लेकतिर हिउँ पर्छ, घास, पातको अभाव हुन्छ । त्यस बेला भेडालाई लेकमै राखियो भने हिउँ परेर र खानाको अभावले गर्दा भेडा मर्छ, त्यसैले तल झार्नु पर्दछ । तल झार्दा बेसीमा भेडालाई गर्मी लाग्छ । ज्यादा गर्मी भए भेडा मर्छ । त्यसैले भेडाको ऊन काट्नु पर्दछ । उसै गरी उभौलीमा घाम लाग्ने भएकाले गर्मी बढ्छ । त्यसबाट जोगाउन भेडाको रौँ काटिदिनु पर्दछ । यसर्थ ऊन काट्नु भनेको भेडाको शोषण गर्नु हैन, बरू भेडालाई सहयोग गर्नु हो । घरमै राखिएको भेडाको भने ऊन तीन पटकसम्म काट्नु पर्दछ । घरमा गर्मी हुने हुँदा तीन पटकसम्म काट्नु पर्दछ । उधौलीमा ऊन धेरै जम्मा गर्न सकिन्छ भने उभौलीमा ऊन कम जम्मा हुन्छ । किन भने उभौलीमा रूख, विरूवा, वनहरु सबै पाउलो फेरेर झोर जङ्गल भएको हुन्छ । झोर जङ्गलमा भेडा चर्न जाँदा रूख विरूवामा अड्केर सबै ऊन जति झर्ने गर्दछ । त्यसैले उभौलीमा ऊन कम निस्कन्छ तर उभौलीको ऊन राम्रो र बल्लियो हुन्छ । घारिघुरीमा अल्झेर पनि न उक्किएको ऊन हुने भएकाले यस बेलाको ऊन बल्लियो हुन्छ । यस्तो ऊनलाई प्रायः भेडी गोठाला आफैँले राख्ने गर्दछन् । घरमै प्रयोग गर्ने गर्दछन् । आफूलाई पूरा भएपछि मात्र बेच्ने गर्दछन् ।

ऊन काट्दा लाग्ने कर्द वा कैचीले काट्नु पर्दछ । आजकाल मेसिनले पनि काट्ने गरेको पाइन्छ । ऊन काट्न कैचीभन्दा कर्दले सजिलो हुने गर्दछ । ऊन काट्ने कर्दलाई स्याङ्गी भनिन्छ । 'स्याङ्गी' लाई राई, गुरूङ, तामाङ, सबैले स्याङ्गी नै भन्ने गर्दछन् । विभिन्न राई भाषामा भेडाको ऊन काट्ने सामग्रीलाई 'स्याङ्गी' भनिन्छ । कुलुङ राई भाषामा ऊन काट्नेलाई 'स्याङ्गी' भनिन्छ

(छत्रमणी कुलुङ राई, अन्तर्वार्ता, पुस २४, २०८२) । 'स्याङ्गी' राईले मात्र हैन गुरूङ समुदायले पनि भन्ने गर्दछन् । भेडाको ऊन काट्ने कर्दलाई गुरूङ भाषामा 'स्याङ्गी' भनिन्छ लाल बहादुर गुरूङ र निलजंग गुरूङ, अन्तर्वार्ता, माघ १, २०८२) । भेडाको ऊन काट्ने कर्दलाई राई र गुरूङले मात्र हैन तामाङ समुदायले पनि 'स्याङ्गी' भन्ने गर्दछन् । भेडाको ऊन काट्ने कर्दलाई तामाङ भाषामा 'स्याङ्गी' भनिन्छ (भुदालक्ष्मी तामाङ, फोनवार्ता, माघ १६, २०८२) । यसर्थ राई, गुरूङ, तामाङको पुर्खा एकै हो कि भन्ने कुरालाई अङ्कित गर्दछ । यो पनि एउटा खोजको विषय हो । भेडाको रौँ काट्न सजिलो छैन । मलाई गर्मी भाको तँलाई ऊन चाहिएको लु मेरो रौँ काट भनेर भेडा चुपचाप बस्दैन । भेडा चलिरहन्छ । झन काट्न थालेपछि उफ्रिन थाल्छ । त्यसैले ऊन काट्न तीन जना चाहिन्छ । एउटाले टाउको समात्ने अर्कोले खुट्टा समात्ने र अर्कोले रौँ काट्ने गर्नु पर्दछ । हैन भने भेडा यत्ता र उत्ता उफ्रिदा भेडाको मासु नै काटिन सक्छ । त्यसैले चल्न नपाउने गरी समात्नु पर्दछ । त्यसरी रौँ काट्दा अगाडिपट्टि रूखको हाँगाको काफे बनाएर त्यसमा टाउको अड्काउने पनि गरिन्छ । टाउको अड्काएर काट्दा दुई जनाले पनि काट्न सकिन्छ । पहिले-पहिले काटिसकेका कतिपय माउहरूलाई भने त्यसरी काफेमा टाउको अडाएपछि समातिरहन पर्दैन । सजिलै काट्न सकिन्छ तर नयाँहरूको काट्न अलिक असजिलो हुन्छ । एक्लैले काट्नु पर्दा अगाडि पछाडिको चारै ओटा खुट्टा बाँधेर भुइमा लडाएर काट्नु पर्दछ । त्यसो गर्दा भेडालाई पनि समस्या हुन सक्छ भने एक्लैलाई धेरै समस्या र लामो समय लाग्दछ । त्यसैले भेडी गोठमा बस्नेहरु मिलेर पालै पालो रौँ काट्ने गर्दछन् । एउटा भेडाको रौँ काट्न १५ मिनेटदेखि आधा घण्टाजति लाग्दछ । भेडाको बगल थोरै भए समय कम लाग्दछ र रौँ पनि कमै आउँछ । धेरै भेडा भए धेरै रौँ निस्कन्छ तर समय धेरै लाग्दछ । त्यसरी रौँ काट्दा एउटाबाट धेरैमा आठ पोलसम्म आउने गर्दछ । आठ पोल आउनको लागि भेडा बलियो, ठुलो र जवान हुनु पर्दछ । लुते, सानो वा बुढोको ऊन कम आउँछ । धेरै उमेर पुगेको भेडाको रौँ नै उम्रन छाडिसकेको हुन्छ । त्यसैले बुढो भेडाको धेरै रौँ आउँदैन । कलिलो र पहिलो पटकको भेडाको ऊन नरम हुन्छ । जति उमेर बढ्दै गयो भेडा छिप्पिँदै जान्छ भने ऊन पनि दरियो बन्दै जान्छ । यस हिसाबले भेडाको ऊनलाई तीन किसिमबाट वर्गिकरण गर्न सकिन्छ -

*छार्बे ऊन*

छार्बे ऊन पहिलो पटकको निकालिने उन हो । यो चारदेखि छ महिनासम्मको छार्बे पाठापाठीको ऊन हो । यस बेला पहिलो पटक ऊन काटिएको हुन्छ । यो ऊन निक्कै नरम हुन्छ । राम्रो देखिन्छ तर खपाउ भने हुँदैन ।

*तोर्बे ऊन*

छार्बे छँदा एक मुरन काटेको ऊन अब अर्को मुरन काट्दा भेडा अर्को छ महिनाको भइसकेको हुन्छ । किन कि ऊन छ-छ महिनामा काटिन्छ । त्यस बेला भेडा वर्ष दिनको वा वर्ष नागेको भइसकेको हुन्छ । वर्ष दिन काटेको भेडाबाट निकालिएको रौँलाई तोर्बे ऊन भनिन्छ ।

*साँड/खसी र माउको ऊन*

दुई वर्षभन्दा माथिको उमेर पुगेको भेडाको भालेलाई साँड भनिन्छ भनेर खसी पारिएकोलाई खसी

भेडा भनिन्छ । पोथीलाई माउ भनिन्छ । त्यस किसिमको भेडाबाट निकालिएको रौँलाई साँड/खसी र माउको ऊन भनिन्छ । यो खपाउ पनि हुन्छ तर ऊन भने कम आउँछ ।

***भेडाको रौँ, ऊन र धागो***

*यो लेखाइ महाकुलुङ गाउँपालिकाको छेस्काममा बसेर स्थानीयहरूले ऊनबाट धागो निकाल्ने प्रक्रियालाई प्रत्यक्ष रूपमा हेरेर लेखिएकोमा आधारित रहेको छ* : भेडाको जीउबाट रौँ काटीसकेपछि अब रौँको नाम ऊनमा परिणत हुन्छ । अर्थात् अब रौँ, रौँ रहदैन ऊन हुन्छ । त्यसपछि ऊनलाई पनि धागो बनाउनु पर्दछ । धागो बनाउनु अघि ऊनलाई धुनु पर्दछ । धुनको लागि पानीमा एक रात भिजाउनु पर्दछ । त्यसपछि मुग्रोलो कुट्दै धुदै-कुट्दै धुदै गरेर सफा बनाउनु पर्दछ । सफा भइसकेपछि घमाइलो स्थानमा सुकाउनु पर्दछ । ऊन सुक्न दुई-तीन दिनसम्म लाग्दछ । सुकिसकेपछि ऊनलाई कोरेसोमा कोर्नु पर्दछ । कोरेसो तारको अगाडिपट्टि साना-साना दाँत भएको ब्रस हो । दुई ओटा कोरेसोको बिचमा ऊनलाई राखेर कपाल कोरे जसरी कोर्नु पर्दछ । यसले ऊनलाई मुलायम र भुँवादार बनाउँछ । त्यसरी कोरीसकेको ऊन अब पियुरीमा परिणत हुन्छ ।

अब तयारी पियुरीलाई सुरूमा हातले थोरै बटारेर कटुवामा दुई तीन फन्का घुमाउनु पर्दछ । कटुवा भनेको बासको केही मोटो र बलियो सिन्का हो । यसमा भैँसीको सिङको सानो टुक्रालाई चारैतिरबाट काटेर धागो बटार्न सजिलो हुने गरी बनाइएको हुन्छ । कटुवामा एक हात जति धागो बटारिन्छ । त्यसपछि धागोलाई राँटोमा सारिन्छ । स्थानीय बोलिचालीमा चर्खालाई राँटो भन्दछन् । राँटोमा सारेपछि धागो बटार्ने काम राँटोबाट सुरू हुन्छ । राँटोको फलामको सुइरोमा बाँधेपछि सरररर राँटो घुमाउँदै आवश्यकता अनुसार पियुरी छाड्दै धागो तानेर टाउको भन्दा माथि हात जति लामो छ त्यतिसम्म पुगेपछि धागोलाई राँटोको भित्रपट्टिको फिरमा घुमाएर राख्नु पर्दछ । राँटोलाई दाहिने हातले घुमाइन्छ भने पियुरीलाई देब्रे हातले छाड्दै जानु पर्दछ । त्यस क्रममा देब्रे हातको बुढी औला र चोरी औलाले धागोलाई समाएको हुन्छ भने अरु औलाहरूले धागो ठिक्क हुने गरी पियुरी छाड्न सहयोग गर्दछन् । धागो कतै मोटो कतै पातलो हुन दिनु हुँदैन । सबै धागो बराबरीको बनाउनु पर्दछ । भर्खर सिक्दै गर्नेहरूलाई पियुरी कति छाड्ने ? कति पियुरी छाड्दा कति मोटो धागो हुन्छ भन्ने ज्ञानको अभाव हुन सक्छ । त्यसको लागि लामो अभ्यास, सिप र ज्ञानको आवश्यकता पर्दछ । एकै लेभलको हुने गरी पियुरी छाड्दै धागो बटार्दै जानु पर्दछ । अब पियुरी धागो भयो । यसले पहिले पियुरीलाई सरररर घुमाएर धागो बनाउँछ, जसलाई स्थानिय बोलीचालीमा धागो तान्ने भनिन्छ । अर्को पटक बनिएको धागोलाई सरररर घुमाएर भित्र घुमाएर राख्छ । बाहिरको भागमा धागो बनाइन्छ भने भित्रको भागमा बनिएको धागोलाई एक स्थानमा जम्मा गर्दछ । त्यसरी बनिएको धागो एकोहोरो हुन्छ । त्यसलाई बलियो बनाउन धागोलाई दोहोरो गर्नु पर्दछ । जुन कार्यलाई स्थानीय बोलीचालीको भाषामा खिराउने भनिन्छ । कतिपय अवस्थामा दोहोरो नबनाई पनि बुनिन्छ तर त्यस्तो राडी भने बलियो हुँदैन । धागोलाई दोहोरो बनाएर डल्लो पारेर राखिन्छ, जसलाई कुलुङ भाषामा पुम्दिल भनिन्छ । आवश्यकता अनुसार धागो बनिसकेपछि अब राडी बुन्नलाई धागो तयार भएको मानिन्छ ।

*तान थाप्ने प्रक्रिया*

यो प्रक्रिया पनि प्रत्यक्ष हेरेर लेखेकोमा आधारित छ :

तान थाप्दा के बुन्न लागेको हो सोही अनुसारको दोक्थवा (किल्ला) गाड्नु पर्दछ । राडी, लुकुनी वा अन्य जे बुनिन्छ त्यही अनुसारको तयारी र दोक्थवा गाड्नु पर्दछ । राडीको लागि आठ र लुकुनीको लागि छ स्थानमा दोक्थवा गाड्नु पर्दछ । प्रायः राडी दुई खाल्को बुनिन्छ । मान्द्रे र चित्रे । मान्द्रे राडी बुन्नलाई जमिनमा आठ स्थानमा दोक्थवा (किल्ला) गाड्नु पर्दछ । राडी बुन्नलाई एक सय ३९ पोया नभएसम्म धागोलाई दोक्थवामा घुमाउनु पर्दछ । स्थानीय बोलीचालीमा तान बुन्नु अघि तान बुन्न लायक बनाउन धागो मिलाउने कार्यलाई धागो घुमाउने भनिन्छ । धागो घुमाउँदा कालो र सेतो मिलाएर धुमाउनु पर्दछ (छत्रमणी कुलुङ राई, अन्तर्वार्ता, पुस २४, २०८२) । धागो घुमाई सकेपछि अब दाहिने पट्टिको दोक्थवा जुन केही पर हुन्छ, त्यसमा तानको सबैभन्दा माथि बस्ने लोलोमा राख्नु पर्दछ । लोलोमा भनेको तानको सबैभन्दा माथि तानलाई झुन्डाइने तीन हात लामो काठ वा बाँसको नफुटाएको डोलो मोटो टुक्रा हो । त्यसपछि दक्पुसी राखिन्छ । दक्पुसी भनेको लोलोमाभन्दा तल ङेइङेइरीभन्दा माथि राखिने ठुलो मोटो बाँसको टुक्रा हो । यसले दुई लहरको धागोलाई प्रस्ट रुपमा दुई भागमा विभाजन गर्ने गर्दछ । दक्पुसीपछि तीन स्थानमा ङेइङेइरी राखिन्छ । ङेइङेइरी धागो घुमाउँदा नै राख्नु पर्दछ । बिचको भागमा तीन ओटा ङेइङेइरी राख्नु पर्दछ । दुई ओटासँगै राखिएको हुन्छ भने एउटा अलिक तल राखिएको हुन्छ । ङेइङेइरी भनेको धागोको साँचो हो । यसले धागोको लहरलाई बुन्न र बुन्नका लागि छुट्याएको हुन्छ । त्यसपछि यप्सी राखिन्छ । यप्सी भनेको तान बुन्दा धागोलाई मेलोसम्म ल्याउन सहयोग गर्ने बाँस वा काठको भाटा हो । यसलाई चारै तिरबाट ताछेर चारैतिर धार निकालिएको हुन्छ तर बिचमा नताछी भुक्क उठेको हुन्छ । यप्सी पनि तीन ओटा चाहिन्छ । मेलोलाई स्थानीय चलन चल्तीको भाषामा सिम भनिन्छ, जुन बुनाइको प्रथम विन्दु हो । सिम विनाको खोला हुँदैन भने जस्तै सिम विनाको बुनाइ पनि हुँदैन । त्यसपछि अर्को दोक्थवामा बेसदिम राखिन्छ । राडी बुन्दा दुई स्थानमा बेसदिम राख्नु पर्दछ किन भने पछि राडीलाई काटेर जोड्दा काटेको स्थानबाट फुर्का निस्कन्छन् । ठुलो राडी एकै पटक बुन्न सकिँदैन । लामो बुन्न सकिन्छ तर चौडाई ठुलो बुन्न एक्लैले सकिँदैन (मायादेवी कुलुङ, अन्तर्वार्ता, पुस २४, २०८२) । त्यसैले सानो-सानो राडी बुनेर पछि आवश्यकता अनुसार जोडेर चौडाइ ठुलो बनाइन्छ । त्यसपछि अन्तिममा काम्बिरमा राखिन्छ । काम्बिरमा भनेको तानको सबैभन्दा तल्लो भाग हो । लोलोमा सबैभन्दा माथिल्लो भाग हो भने काम्बिरमा सबैभन्दा तल्लो भाग हो । यसले तानलाई सिधा तन्काउने, बुनेको राडीलाई सार्दै बुन्न सजिलो बनाउने गर्दछ । यो बाँस वा काठको डोलो तीन फिट जति लामो हुन्छ । यसको काम धेरै हुन्छ । पहिलो त यसले तानलाई सिधा बनाउँछ । दोस्रो बुनिसकेको राडीलाई सार्दै नयाँ बुन्ने स्थानको लागि ठाउँ बनाउँछ । तेस्रो यसैमा पुनाम्री पनि बाँधिएको हुन्छ ।

पुनाम्री भनेको तान बुन्ने मानिस र तानलाई एक आपसमा बाध्ने डोरी हो । यो काम्बिरको दुईपट्टि बाँधेर तान बुन्नेको शरीर छिराउने गरी बनाएको हुन्छ । पुनाम्रीले तान बुन्ने मानिस मार्फत तानलाई टिनिक्क तन्काउँछ, तान बुन्ने मानिसको कम्बरभन्दा केही तल बाँधिने गरिन्छ । यसलाई बाँधिने भन्दा पनि अडाउने भन्नु बढी सान्दर्भिक हुन्छ । जुन डोरी विना तान बुन्नै सकिँदैन । यसरी

आठै स्थानको दोक्थवामा राडी बुन्न आवश्यक सामाग्रीहरु राखिसकेपछि तान थाप्न प्रयोग गरिएको किल्ला हटाउनु पर्दछ । अब राडी बुन्नलाई तान थाप्न सकिन्छ । तान थाप्दा तान बुन्नेलाई सजिलो हुने गरी लाथाखम राख्नु पर्दछ । लाथाखम भनेको तानबुन्ने मान्छेलाई तान बुन्न सजिलो हुने गरी दुई ओटा किल्ला गाडेर एउटा काठ वा बाँसको तीन फिट जतिको लामो खुट्टालाई बल मिल्ने गरी ठिक्क ठाउँमा राख्ने काठ वा बाँसको बिट हो । तान बुन्दा यप्सी तान्दा तान बुन्ने मानिस नसुल्कियोस् भनेर लाथाखम राखिएको हुन्छ (हिरासुखा राई, अन्तर्वार्ता, पुस २२, २०८२) । लाथाखमले तान बुन्नेलाई ओट दिन्छ । त्यसो गर्नुको वैज्ञानिक कारण भनेको तान बुन्नको लागि तीन स्थान महत्वपूर्ण हुन्छन् । पहिलो भनेको माथिल्लो भाग जसमा तान झुन्डाइएको हुन्छ । दोस्रो त्यो झुन्डाइएको तानलाई सिधा बनाउन मानिसको शरीरले पुनाम्री मार्फत तानेको हुन्छ र तेस्रो भाग तानलाई तान्ने मानिसलाई पनि खुट्टाको आडमा बल दिनको लागि बनाएको लाथाखम महत्वपूर्ण हुन्छ । यस कार्यमा न्यूटनको तेस्रो नियम अर्थात् प्रत्येक क्रियाको बराबर तर विपरीत दिशामा प्रतिक्रिया हुन्छ भन्ने नियम लागु हुन्छ । भन्नुको अर्थ जति बलले यप्सी तानिन्छ त्यति नै बलले मानिस तानेको दिशाभन्दा त्यसको ठिक विपरीत दिशातर्फ धकेलिन्छन् । यप्सी पछिल्तिर तानिन्छ तर मानिस अघिल्तिर सर्ने गर्छन् । त्यसलाई रोक्नको लागि लाथाखम राखिएको हुन्छ । अझ यसलाई प्रस्ट बनाउँन एउटा उदारहरणलाई हेरौँ - बन्दुक हान्दा गोली अघि जान्छ तर बन्दुक पछि धकेलिन्छ । गोली गएको दिशाभन्दा ठिक विपरीत त्यति नै बलले बन्दुकलाई पछाडि धकेलेको हुन्छ । ठिक उसै गरी जति बल गरेर तानको यप्सी आफुतिर तानिएको हुन्छ, त्यसको ठिक विपरीत त्यति नै बलले मानिस अघिल्लतिर धकेलिने गर्दछ । त्यसको गतिलाई रोक्नको लागि लाथाखम राखिएको हुन्छ । यदि यप्सी तान्दा मानिस अघिल्तिर धकेलिएमा तान लुलो भएर बुन्न सकिँदैन । त्यसैले खुट्टालाई बल पुगोस् र तल सुल्किनबाट जोगाओस् भनेर त्यसो गरिएको हुन्छ ।

### राडी बुन्ने प्रक्रिया

#### *मान्द्रे राडी*

अब तानलाई लोलोमामा डोरीले बाँधेर केही उच्च स्थानको बलोमा झुन्डाइन्छ । सबै कुरा ठिक पारेर तानलाई झुन्डाई सकेपछि अब राडी बुन्न सुरू गरिन्छ । तान बुन्ने मानिस तान बुन्न बसिसकेपछि तान बुन्नेले आफुलाई पुनाम्रीले बाध्नु पर्दछ । त्यसरी बाँध्दा कम्भरभन्दा केही तल बाँध्नु पर्दछ । त्यसपछि तानलाई सिधा बनाएर देसदिमको दाहिने पट्टिबाट तारखखैले पहिलो धागो छिराउँनु पर्दछ । तारखखै भनेको राडी बुन्नलाई बनाएको सानो बाँसको भाटाको तोस्रो हो । त्यसमा राडी बुन्नलाई धागो बटारिएको हुन्छ । त्यसरी छिराएको धागोलाई यप्सीले राडीको आकार आउने गरी देसदिमको बिटमा मिलाउन विस्तारै तानिन्छ । यप्सीलाई धेरै बल लगाएर तान हुँदैन । ठिक्क आवश्यक मात्रामा धागोलाई तलको सिमसम्म पुऱ्याउनु पर्दछ । त्यसपछि सँगै भएको दुई ओटा ङेइङेइरीमध्ये एउटाले अर्को धागो छिराएर बुन्नु अघि तल्लो भागको धागोहरूलाई माथिल्लो भागमा र अघि माथिल्लो भागमा भएको धागोहरूलाई तल्लो भागमा सार्नु पर्दछ । त्यसपछि दरूम्सिङको काम आउँछ । दरूम्सिङ भनेको बाँसको भाटाको बनाएको हुन्छ । यो बाहिर नै राखिन्छ । धागो छुट्याउने बेलामा दरूम्सिङले दक्पुसीलाई माथि ठेल्ने काममा सहयोग गर्दछ । ङेइङेइरीलाई माथि

उचाल्दा दरूम्सिङसँग समातेर उचालिन्छ । यसले गर्दा धागो छुट्याउन सजिलो हुन्छ । त्यसपछि डेइडेइरीले तल र माथिको धागो छुटाई सकेपछि यप्सीले त्यो धागोको सुरलाई तल बुन्ने मेलोसम्म लानु पर्दछ । त्यसपछि अर्को तल्लो डेइडेइरीले बुट्टा निकाल्ने काम गर्दछ । त्यसमा कुन रङ्गको बुट्टा निकाल्ने हो त्यही रङ्कको धागो लगाउनु पर्दछ । ती बुट्टाले राडीलाई राम्रो देखाउँछ । यो मान्द्रो जस्तो बुट्टेदार हुने भएकाले यसलाई मान्द्रे राडी भनिएको हो । त्यसपछि अर्को बुनाइको लागि फेरि तारखखैलाई देब्रेपट्टीबाट दाहिनेपट्टी छिराइन्छ र फेरि यप्सीले धागोलाई तलको सुरमा लगेर मिलाउनु पर्दछ । अब फेरि अघिको जस्तै धागोहरूलाई तलको माथि र माथिकोलाई तल गरिसकेपछि पुनः तारखखैले दाहिनेबाट देब्रेपट्टी धागो छिराउनु पर्दछ । त्यसपछि फेरि अघिको जस्तै यप्सीको काम, डेइडेइरीको काम, दरूम्सिङको काम एवम् रूपले राडी पूरा बुनी नसकेसम्म चलिरहन्छ (मकलमणी कुलुङ, अन्तर्वार्ता, पुस २४, २०८२) । बुन्ने क्रममा राडी बाँगोटिङ्गो हुन नदिन र एकै साइजको बनाउनको लागि कोर्कोर्चो राखिएको हुन्छ । कोर्कोर्चो भनेको बाँसको भाटाको सानो फितकौली जस्तो हुन्छ, जसको दुबै पट्टि बुनेको राडी घुसाउन मिल्ने गरी चोसो काटिएको हुन्छ । त्यसरी बुनिएको राडीलाई काम्बिरमाबाट सार्दैसार्दै लगिन्छ । अन्तत त्यसरी सार्दै बुन्दै सार्दै बुन्दै गरी सकेपछि राडी पूर्ण रूपमा तयार हुन्छ । त्यसरी तयार भएको राडीलाई तानबाट काटेर निकाल्नु पर्दछ । अब तयारी राडी आवश्यकता अनुसार छेस्काम वासीले विभिन्न साइजको बनाएर प्रयोग गर्ने गर्दछन् । ठुलो बनाउनु परेमा चार ओटासम्म, ठिकैको बनाउनु परेमा दुई ओटासम्म राडीलाई जोडेर एउटा पुर्ण राडी बनाउने गर्दछन् । ती राडीहरु बेच्न वा आफैले ओड्न, ओछ्याउन वा अन्य विभिन्न प्रयोजनमा उपयोग गर्ने गर्दछन् । 'यसरी बुनिएको राडी अन्य राडीभन्दा ज्यादा खप्छ । सुन्दर देखिन्छ तर मान्द्रे राडी बुन्न सजिलो भने छैन । चित्रे राडीभन्दा मान्द्रे राडी बुन्न धेरै ज्ञान र सिपको आवश्यकता पर्दछ । यसमा ऊन पनि धेरै लाग्छ । त्यसैले आजकालका मानिसहरु मान्द्रे राडी बुन्न जान्दैनन् । यो विस्तारै हराउँदै जान थालेको छ,' भन्छिन् (६८ वर्ष कि छत्रमणि कुलुङ राई) । राईलाई ऊनको आमाले राडी बुन्न सिकाएको स्मरण गर्दछन् । एउटा मान्द्रे राडी बुन्न तीन दिनसम्म लाग्छ । राडी कत्रो बुन्न लागेको हो, सोही अनुसारको ऊन लाग्दछ (छत्रमणी कुलुङ राई, अन्तर्वार्ता, पुस २४, २०८२) । ठुलो बुन्दा धेरै र सानो बुन्दा थोरै ऊन लाग्दछ ।

### *चित्रे राडी*

चित्रे राडी बुन्नलाई पनि तान थाप्ने र बुन्ने प्रक्रिया मान्द्रे राडी जस्तै हो तर यसमा एउटा डेइडेइरी भए पुग्छ । किन भने चित्रेमा बुट्टा चाहिँदैन । चित्रे राडी चित्रा जस्तो सरासर बुनिन्छ । यो बुन्न मान्द्रेभन्दा सजिलो हुन्छ तर यो धेरै बलियो हुँदैन र बुट्टादार पनि हुँदैन । चित्रे विहानदेखि बुन्न थालेमा बेलुकासम्म बुनी सकिन्छ (छत्रमणी कुलुङ राई, अन्तर्वार्ता, पुस २४, २०८२) । यसको पनि उपयोग भने मान्द्रे राडी जसरी नै गरिन्छ ।

### *लुकुनीको लागि राडी*

लुकुनीको पनि बुन्ने प्रक्रिया मान्द्रे राडीको जस्तै हुन्छ । किन भने लुकुनी पनि बुट्टादार हुन्छ । लुकुनीको लागि छ स्थानमा दोक्थवा गाडिएको हुन्छ । किन कि लुकुनी राडीभन्दा छोटो हुन्छ । लुकुनी मान्छेले आफ्नो काँधभन्दा तल र कम्बरभन्दा माथिको भाग (जिउ) मा लगाउँछन् । त्यसैले

यो राडीभन्दा छोटो बुनिन्छ । यसको तान पनि छोटो र बुनाइ पनि छोटो हुन्छ । यो छोरा वा छोरी मान्छे दुवैले लगाउन मिल्छ (आशाकुमारी कुलुङ, अन्तर्वार्ता, पुस २४, २०८२) । ठिकैको लुकुनी बुन्न एक धार्नी ऊनले दुई ओटा निस्कन्छ तर अलिक लामो बन्नु परेमा एउटा लुकुनी बनिन्छ र केही ऊन बाँकी रहन्छ ।

*लम्पट*

लम्पट भनेको सेतो, कालो र रातो (खासमा कालो र रातो मिस्सिएको जस्तो देखिने ऊन) तीन ओटै भेडाको ऊन प्रयोग गरेर बनाइएको हुन्छ (छत्रमणी कुलुङ राई, अन्तर्वार्ता, पुस २४, २०८२) । लम्पट विशेषत ओछ्याउने गरिन्छ । पाहुनाहरु आउँदा सम्मानको लागि बस्न ओछ्याई दिने चलन हुन्छ । एउटा लम्पट बुन्नको लागि तीन विसौली आठपोल ऊन चाहिन्छ (चटक कुलुङ, अन्तर्वार्ता, पुस २४, २०८२) । यसमा सबै खाले ऊनको प्रयोग गरेर बनाइने हुनाले यो रङ्गीन हुन्छ । (छत्रमणी कुलुङ राई, अन्तर्वार्ता, पुस २४, २०८२) । यसलाई चित्रा जसरी बुन्नु पर्दछ ।

## निष्कर्ष

लामो समय पार गरेर आएका पुस्तौ पुस्तादेखि प्रकृति अनुकूल भएर जीवन निर्वाह गर्दै आइरहेका किरात राई समुदायले आफू सहित आफूले पालेका जीवनहरूलाई पनि प्रकृति अनुकूल बनाउने गरेको पाइन्छ । उनीहरूका लागि भेडा जीवन निर्वाहको प्रमुख घर पालुवा जनावर हो, जुन भेडाबाट उनीहरु धार्मिक, सांस्कृतिक, आर्थिक, पारम्परिक सिप मुलक कार्यहरु गर्ने गर्दछन् । ती भेडाहरूलाई पनि उनीहरूले प्रकृतिको निर्मम नियमबाट बचाउन गर्मी याममा लेकतिर र जाडोयाममा अहुलतिर झार्ने गरेको पाइन्छ । यस किसिमबाट प्रकृति, किरात राई समुदाय र भेडाबिचको त्रिकोणात्मक जीवन चक्र चलिरहेको देख्न सकिन्छ । यसरी किरात राई समुदायको प्रकृति र भेडासँग जीवनयापनका सम्बन्ध र शैलीहरु अत्यन्त अन्योन्याश्रित रहेको देख्न सकिन्छ ।

## सन्दर्भ सामग्रीसूची


काफ्ले, डोलराज र सापकोटा, ढाकाराम (२०८१), *नेपालमा गुरूङ जातिको चिनारी.* काठमाडौँः आयाम पब्लिकेशन प्रा.लि. ।

खोर्सानी झ्लग (२०८१, पुष १४), *तराईमा पनि भेडा पाल्न सकिने* (भिडियो) युटुव https://www.youtube.com/watch?v=cph3XrjQ7HA

धर्मराज राई, खोटाङ, हाल मोरङ

परियार, ध्रुवसत्य (माघ २, २०८०), *सुर्खेतको छिन्चुदेखि जुम्लासम्म नुन बोक्ने ती खसी-भेडा.* रातोपाटी ।

बीबीसी न्यूज (२०६९,चैत१८), *कतारमा नेपाली कामदार* (भिडियो) युटुव https://www.youtube.com/watch?v=WFhcLQApR3A

राई, दिलेन्द्र मुकारूङ (२०८०), किरात राई सुप्तुलुङ र मुन्दुमी जीवनदर्शन. *किरात प्रज्ञा जर्नल,* ३(१), ६३-७१ ।

राई, भक्त (२०८०), *किरात साम्पाङ राई संस्कृतिमा खमवा-दीमवा (जाँड-रक्सी) परम्परा.* काठमाडौँः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

सिङ्जाली, विष्णुकुमार (२०८१), *किरात राई जातिका थर र पाछाहरु* काठमाडौँः आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान ।

https://www.ratopati.com/story/406398/sheep-farming-in-nepal-

https://vetdolakha.gov.np/progressfiles/Sheep-Booklet-1711246126.pdf

## व्यक्तिगत कुराकानी

चटक कुलुङ, महाकुलुङ गा.पा. छेस्काम ।
छत्रमणी कुलुङ राई, महाकुलुङ गा.पा. छेस्काम ।
झलक बहादुर राई, खोटाङ, हाल मोरङ ।
निलजंग गुरूङ, गोर्खा, आजिरकोट गा.पा ।
पविहाङ राई, भोजपुर ।
मायादेवी कुलुङ, महाकुलुङ गा.पा. छेस्काम ।
राजमान कुलुङ्ङ, महाकुलुङ गा.पा. छेस्काम ।
लक्ष्मण राई, खोटङ, केपिलास गढी, फेदी ।
लाल बहादुर गुरूङ, सङ्खुवासभा, हाल मोरङ ।
हिरासुखा राई, महाकुलुङ गा.पा. छेस्काम ।